
# मर्जरले बीमा व्यवसायमा सकारात्मक परिणाम

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक ।

बीमा कम्पनीहरुको पुँजी वृद्धि गर्ने उद्देश्यले नेपाल बीमा प्राधिकरणले शुरु गरेको मर्जर अभियान एक हदसम्म सफल भएको छ । बीमा कम्पनीहरु मर्ज भएपछि सकारात्मक नतिजा देखिन थालेको बीमा प्राधिकरणले निष्कर्ष निकालेको छ । नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले मर्जरपछि कम्पनीहरुमा सकारात्मक परिणाम देखिन थालेको बताए ।

प्राधिकरणद्वारा बुधबार काठमाडौंमा आयोजित मर्जर भएका बीमा कम्पनीहरूका संचालक समितिका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरूसँगको छलफलमा



उनले मर्जर पश्चात कम्पनीहरुका सकारात्मक परिणामहरु देखिन थालेको बताएका हुन् ।

'मर्जर भएका बीमा कम्पनीहरूको जोखिम बहन गर्ने क्षमता बढेको छ, लगानीका लागि पर्याप्त पूँजी भएको छ, मर्जरबाट बीमा क्षेत्रमा सकारात्मक प्रभाव परेको छ', अध्यक्ष सिलवालले भने। उनले बीमा कम्पनीहरु आफ्नै व्यवसायिक रणनीति बनाएर अगाडि बढ्नुपर्ने समेत बताए। 'बीमा कम्पनीहरूको आफ्नै खालको व्यवसायिक रणनीति हुनुपर्छ, बीमा व्यवसायलाई स्वच्छ, स्थीर, दिगो र नाफामूलक बनाउनुपर्छ, बीमा गर्न नागरिकहरू बीमा कम्पनी खोज्दै आउने नभई कम्पनीहरू नै नागरिककोमा जानुपर्छ, कम्पनीहरू व्यवसायिक किसिमले अघि बढ्नुपर्छ', उनले भने ।

त्यस्तै, प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले प्राधिकरणले पुँजी वृद्धिको निर्णय गरेपश्चात् बीमा कम्पनीहरू पुँजी पुऱ्याउन स्वतःस्फुर्तरूपमा मर्जरमा गएको उल्लेख गर्दै कम्पनीहरूले तोकिएको अवधिभित्र पुँजी पुऱ्याउनुपर्ने र त्यसका लागि सहजीकरण गर्न प्राधिकरण तयार रहेको बताएका थिए ।

अहिलेसम्म जीवन र निर्जीवन गरी २१ वटा कम्पनी मर्जरमा गएर १० वटा कम्पनी बनेका छ। मर्जरमा गएका कम्पनीमध्ये ९ वटा जीवन बीमा कम्पनी मिलेर ४ वटा कम्पनी बनेको छ भने १२ वटा निर्जीवन बीमा कम्पनी मिलेर ६ वटा कम्पनी बनेका छन् ।

# आर्किड गार्डेन नेपाल परियोजनालाई महालक्ष्मीको आर्थिक सहयोग

**काठमाडौं/मस** - महालक्ष्मी विकास बैंक लिमिटेडले आर्किड गार्डेन नेपाल परियोजनालाई आर्थिक सहयोग गरेको छ । विगत १७ वर्षदेखि पिछडिएका बालबालिकाहरुलाई दिवा स्याहार तथा शिक्षा प्रदान गरिरहेको बाल विद्यालयको हालको अवस्था अत्यन्त नाजुक रहेकोले विद्यालयको अवस्था सुधार गरी बालबालिकाको पठनपाठनमा सहजता पुऱ्याउने उद्देश्यसहित ५० हजार रुपैयाँ



आर्थिक सहयोग गरिएको बैंकले जनाएको छ । विद्यालय ग्राउन्ड सतह भन्दा करिब ४ फिट तल रहेको, वर्षायाममा कक्षा कोठामा बाढी पस्ने कारणले विद्यालय बन्द गर्नुपर्ने र सरकारी प्राधिकरणबाट विद्यालय सुधारका लागि सूचना समेत आइसकेकोले आर्किड गार्डेन नेपाल परियोजना अन्तर्गत रही विद्यालय सुधार गर्न लागिएको विद्यालयले जनाएको छ । ६ महिनादेखि ९ वर्षसम्मका १५० जना बालबालिकाहरुलाई दिवा स्याहार सेवा तथा शिक्षा प्रदान गरिरहेको विद्यालयले सुधार पश्चात करिब २०० जना बालबालिकालाई सेवा प्रदान गर्ने सामर्थ्य राख्ने विश्वास गरिएको छ ।

# मेटलाइफले ल्यायो माई चाईल्डस एडुकेशन प्रोटेक्शन प्लान

**काठमाडौं/मस** - अभिभावकहरूलाई आफ्ना साना बालबालिकाहरूको भविष्य र सपनाहरू सुरक्षित गर्न मद्दत गर्दै मेटलाइफले नयाँ बीमा योजना 'माई चाईल्डस एडूकेशन प्रोटेकशन प्लान' प्रचलनमा ल्याएको छ। यो बीमा योजना ३१ दिन देखि १५ वर्ष उमेरका बालबालिकाहरुको लागि संरक्षण प्रदान गर्न तयार गरिएको हो। यस योजनाको उद्देश्य बालबालिकाहरुले जीवनमा जस्तोसुकै चुनौतीहरू सामना गर्नुपरे पनि उनीहरूको शैक्षिक आकांक्षाहरूको निरन्तरतालाई सुनिश्चित गर्नु हो ।

यो बीमा योजना एक बृहत समाधान भएको र जसले बालबालिकाहरुलाई मात्र नभई अभिभावक (बीमालेख मालिक) लाई पनि बीमा कभरेज प्रदान गर्ने कम्पनीले जनाएको छ । अभिभावकको दुर्भाग्यपूर्ण मृत्युको अवस्थामा सो योजनाले बीमांक रकमको सय प्रतिशत बराबर एकमुष्ठ भुक्तानी प्रदान गर्नेछ। साथै, भविष्यमा भुक्तानी गर्नुपर्ने बीमाशुल्कको छूट तथा बीमा योजनाको बीमांक रकमको दुई प्रतिशत बराबरको मासिक आय लाभ समेत प्रदान गर्ने कम्पनीले दाबी गरेको छ । सो बीमालाभले अभिभावकको अनुपस्थितिमा पनि बालबालिका प्रति शैक्षिक जिम्मेवारीहरूलाई साथ दिइरहने कुरा सुनिश्चित गर्ने कम्पनीले जनाएको छ । अभिमावकलाई हुन सक्ने सम्भावित असक्तता, दुर्घटना र घातक रोगहरू विरुद्ध रक्षावरणका लाागि विभिन्न पूरक करारहरु मध्येबाट छनौट गर्ने विकल्प




पनि रहेको कम्पनीले जनाएको छ । न्यूनतम बीमांक रकम दुई लाख ५० हजार र अधिकतम पचास लाख भएको यो योजनामा १० देखि २५ वर्षसम्मको लचिलो बीमा अवधिहरु मध्ये छनौट गर्न सकिन्छ ।

यस्तो बहुमुखी योजनाले आमाबाबुलाई आफ्नो बालबालिकाको शैक्षिक र भविष्यका आवश्यकताहरू अनुरूप सबै भन्दा उपयुक्त बीमालाभहरु छनौट गरी रक्षावरण प्राप्त गर्न मद्दत गर्दछ । यसले परिवारहरूका लागि उनीहरूका बालबालिकाहरुलाई उनीहरूले पाउने अवसर र पाउनु पर्ने आवश्यक मद्दतको सुनिश्चित गर्दै, जीवनमा जस्तोसुकै आईपर्ने चुनौतीहरूविरुद्ध सुरक्षा समाधान प्रदान गर्दछ।

मेटलाइफ नेपालका उपाध्यक्ष तथा महाप्रबन्धक निर्मलकाजी श्रेष्ठले भने, 'माई चाईल्ड एडुकेशन प्रोटेकशन प्लान' ले नेपालको युवाहरूको भविष्यका लागि हाम्रो आश्वासनलाई प्रतिनिधित्व गर्दछ, हामी बुझ्दछौं कि शिक्षा उज्ज्वल भविष्यको लागि चाबी हो, र यो योजना आमाबाबु वा अभिभावकहरूप्रति हाम्रो प्रतिबद्धता हो कि हामी वहाँहरूका बालबालिकाहरूको सपनाहरू सुरक्षित गर्न यहाँ छौं, यो सफलताको लागि र प्रत्येक बालबालिकाको यात्राको लागि सुरक्षित मार्ग प्रशस्त गर्ने वाचा हो ।'


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०७/१७**

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८०/०६/०५ मा प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैका जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सिलबन्दी नं. | योजनाको नाम | दरभाउपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/ GOODS/2080/81-01 | Supply and Deliver of Medicine | Medigold International pvt ltd Madhyapur Thimi-1 | रु.९,६६,६३०।१५ |

**(प्रमुख प्रशासकीय अधिकृत)**

## वनगाड कुपिण्डे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**देवस्थल, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसय सम्बन्धी सूचना**

**मितिः २०८०/०७/१७**

यस कार्यालयबाट मिति २०८०/०६/२१ गतेको सूचना अनुसार पेश भएका विद्युतिय खरिद बोलपत्रको प्राविधिक तथा आर्थिक मूल्यांकन प्रश्चात तपशिल बमोजिमका प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही तथा न्यूनतम मूल्याकिंत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| | कामको विवरण | कार्यको नाम | निर्माण कम्पनी | मू.अ.क बाहेकको कबोल अंक |
|---|---|---|---|---|
| १. | BAKUNAPA/NCB/ WORKS-01-2080/081 | Construction of Ward office Building ward no 2 | Balan Brothers Construction & Suppliers Pvt. Ltd, Tulsipur-06, Dang | ५२,८७,५७२।२० |
| २. | BAKUNAPA/NCB/ WORKS-02-2080/081 | Construction of Ward office Building ward no 3 | Balan Brothers Construction & Suppliers Pvt. Ltd, Tulsipur-06, Dang | ५३,१६,९५३।५० |
| ३. | BAKUNAPA/NCB/ WORKS-03-2080/081 | Construction of Ward office Building ward no 10 | Balan Brothers Construction & Suppliers Pvt. Ltd, Tulsipur-06, Dang | ५५,०७,५३५।५० |
| ४. | BAKUNAPA/NCB/ WORKS-04-2080/081 | Construction of Ward office Building ward no 11 | Balan Brothers Construction & Suppliers Pvt. Ltd, Tulsipur-06, Dang | ५८,१८,२६९।४० |
| ५. | BAKUNAPA/NCB/ WORKS-05-2080/081 | Construction of Tribhuwan Janata Ma.Vi Chiura building Construction | Imber Construction and Multipurpose Company Pvt. Ltd, Bangad Kupinde-01, Salyan | १८,७९,२३५।१३ |
| ६. | BAKUNAPA/NCB/ WORKS-06-2080/081 | Upgrading of Sunauli Maidu Pokhari Swara Jyula Kuirepani Road | M/S Bibek Bishal Construction Darma-06, Salyan | ५६,६४,१८८।८० |

**प्रमुख प्रशासकीय अधिकृत**

## Dasharathchand Municipality
## Office of Municipal Executive

**Gadhi, Baitadi**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

**First Date of publication: 2080/07/17 (3rd Nov, 2023)**

1. Dasharathchand Municipality, Office of Municipal Executive Baitadi electronic bids from Nepalese eligible bidders for the construction of Play Ground Construction Work & Health Care Center Building under National Competitive Bidding procedures. The estimated amount for the works are Rs. 24,60,482.98/- & Rs. 39,78,181.66/- respectively.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dasharathchand Municpality, Gadhi, Baitadi dnpbaitadi@gmail.com and dasharathchandmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost Rs 3,000 each of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Rastriya Banijya Bank Ltd.**
   **Name of Office : Dasharathchand Municipality**
   **Office Account no. : 4050100301010002**
   **Account Name : Aantrik Rajaswa Khata Ga-1-1**
4. Pre-bid meeting shall be held at Dasharathchand Municipality Gadhi, Baitadi at 14:00 on 2080/08/11.
5. Electronic bids must be submitted to the office Dasharathchand Municipality Gadhi, Baitadi through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 2080/08/17. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 and 2080/08/17 at the office of Dasharathchand Municipality Gadhi, Baitadi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 62000/- & Rs. 1,00,000 /- respectively which shall be valid for 30 days beyond the validity period of the bid.
   **Name of the Bank : Rastriya Banijya Bank Ltd.**
   **Name of Office : Dasharathchand Municipality**
   **Office Account no. : 4050100303000002**
   **Account Name : Dharauti Khata Ga-3**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract ID | Description and Location of Work | Estimated Amount (with VAT and PS) NRs. | Bid Validity Period | Bid Security | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | DCM/NCB /Works /3/2080-081 | Construction of Ward No.9 Health Care Center Building | 39,78,181.66 | 90 days | 1,00,000/- | 3,000.00 |
| 2 | DCM/NCB /Works /4/2080-081 | Jagannath Campus Play Ground Construction Work | 24,60,482.98 | 90 days | 62,000/- | 3,000.00 |

**Chief Administrative Office**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**